***OIC Care Plus पूरक बीमालेखको सारसंक्षेप***

*१. थप रक्षावरण गरिएको*

*क. ह्रास कट्टी फिर्ता: प्रचलित मोटर बीमालेख अन्तर्गत बीमा दावी पर्दा सम्बन्धीत क्षतिको दावीमा सो बीमालेख बमोजिम हुने ह्रास कट्टी बापतको हुन आउने रकमको सोधभर्ना दिने ।*

*ख. नयाँ सवारी साधनको पूनर्स्थापना : प्रचलित मोटर बीमालेखमा बीमित सवारी साधनको पूर्ण क्षति, लक्षित पूर्ण क्षति वा चोरी भएको अवस्थामा मूल बीमालेखमा अंकित बीमांक रकम र हाल उक्त मोडल र प्रकारको सवारी साधन खरिद मूल्यको फरक रकम भूक्तानी दिने ।*

*ग. दैनिक सवारी साधन भाडा / यातायात खर्च : बढिमा १५ दिनको लागि नीजि सवारी साधनको हकमा प्रति दिन रु १५०० को दरले तथा दुई पांग्रे सवारी साधनको हकमा रु ५०० भूक्तानी दिने । बीमितको अनुरोधमा ५, १० र १५ दिन सम्मको यातायात सुविधा पनि लिन सक्नेछ ।*

*घ. बीमित तथा यात्रुको सरसामग्रीको सुरक्षा : बीमा गरिएको सवारी साधनको क्षति नोक्सानी हुदाँ बीमित वा यात्रुको चाहना अनुसार अधिकतम प्रति व्यक्ति रु ५००० सम्म र रु १०००० सम्मको दरले हुन आउने रकमको सोधभर्ना दिने ।*

*ङ. किस्ता बचत योजना : बीमितले बैंकमा ऋणमा सवारीसाधन खरिद गरेको भए उक्त सवारी साधन मर्मत नहुन्जेल ग्यारेजमा बसेको अवधि वा बढिमा २ महिनाको साँवा र व्याजको भूक्तानी दिने ।*

***पूनर्बीमा सम्बन्धी व्यवस्था***

*क. कूल जोखिमको ८/८ प्रतिशत बीमा जोखिमको लागि Direct Cession अन्तर्गत Nepal Re र Himalayan Re लाई प्रदान गर्ने ।*

*ख. बाँकी जोखिमको ८४ प्रतिशत बीमा जोखिमको लागि यस दि ओरियन्टल इन्स्योरेन्स कम्पनीले खुद धारण मार्फत जोखिम व्यवस्थापन गर्ने ।*